नेपाल सरकार

# शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

फोन नं. ०१-६६३८१५१/०१-६६३७८७३
फ्याक्स नं. ०१-६६३७८७२

पत्र सङ्ख्याः ०८२/०८३
चलानी नं.: 136

मिति : २०८३।०६।१६

विषय : शिक्षकको बढुवा सम्बन्धी विशेष व्यवस्था सम्बन्धमा।

श्री शिक्षा विकास तथा समन्वय एकाइ
७७ वटै जिल्ला

प्रस्तुत विषयमा शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) को नियम ३९ को उपनियम (१) मा "यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पनि तहको शिक्षक पदमा स्थायी नियुक्ति भई सोही तहको सोही श्रेणीबाट निवृतभरण पाउने शिक्षकलाई एक महिना अगावै सोही तहको माथिल्लो श्रेणीमा विशेष बढुवा गर्नका लागि आयोगले सिफारिस गर्नेछ" भन्ने व्यवस्था रहेको छ। तदनुसार शिक्षा विकास तथा समन्वय एकाइहरूबाट यस्ता प्रकृतिका शिक्षकको विषेश बढुवा गर्ने सम्बन्धी फाइलहरू आयोगमा प्राप्त हुने गरेकोमा शिक्षकले बढुवाको लागि पटक पटक आयोगमै आउनुपर्ने अवस्था देखिएकोले यसलाई सहज बनाउन कानुनी व्यवस्था अनुसार साविकमा आयोगको मिति २०७३।१०।०७ को निर्णयबमोजिम नै हुने गरी आवश्यक कागजात र प्रमाणको जाँचबुझ गरी उपयुक्त देखिएमा विशेष बढुवा गर्नसक्ने गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय एकाइका एकाइ प्रमुखलाई शिक्षा ऐनको, २०२८ (संशोधनसहित), दफा ११ (ज) अनुसार अधिकार प्रत्यायोजन गर्ने गरी आयोगको मिति २०८३।०६।१६ गतेको बैठकबाट निर्णय भएकाले सोहीअनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

२०८३।०६।१६

गोविन्द प्रसाद अर्याल
प्रशासकीय प्रमुख

**बोधार्थ**

श्री शिक्षा विभाग, सानोठिमी, भक्तपुर
श्री राष्ट्रिय किताबखाना (शिक्षक), म्यूजियम मार्ग, ताहचल, काठमाडौं ।